रामप्रसादराई गाँउपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्या ९ मितिः २०८३/०१/०४

भाग- २

रामप्रसादराई गाँउपालिका

## रामप्रसादराई गाउँपालिकाका खेलाडीहरुलाई गाउँपालिकाको तर्फबाट खेल खेल्दा दिइने सहायता खर्चको मापदण्ड, २०८० (संशोधनसहित)

गाउँकार्यपालिकाबाट **स्वीकृत** मितिः २०८०/०३/२८

पहिलो पटक संशोधन मिति: २०८३।०१।०४

रामप्रसादराई गाउँपालिकाका खेलाडीहरुलाई गाउँपालिकाको तर्फबाट खेल खेल्दा

दिइने सहायता खर्चको मापदण्ड, २०८० (संशोधनसहित)

गाउँकार्यपालिकाबाट **स्वीकृत** मितिः २०८०/०३/२८

पहिलो पटक संशोधन मिति: २०८३।०१।०४

गाउँपालिकाले हरेक आर्थिक वर्षमा विनियोजन गरेको खेलकुद सम्बन्धी खर्चलाई मितव्ययी र पारदर्शी बनाउन र खेलाडीहरुलाई पनि खेलप्रति उत्प्रेरित गराइराख्न खेलाडीहरुलाई गाउँपालिकाको तर्फबाट गाउँपालिका बाहिर विभिन्न खेल खेल्न जाँदा दिइने सहायता खर्च रकमलाई निश्चत आधारमा मात्र भुक्तानी दिने व्यवस्था गर्नु बान्छनीय भएकोले गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

१. नामः यस मापदण्डको रामप्रसादराई गाउँपालिकाका खेलाडीहरुलाई गाउँपालिकाको तर्फबाट खेल खेल्दा दिइने सहायता खर्चको मापदण्ड, २०८०(संशोधनसहित) रहेको छ।

२. प्रारम्भः यो मापदण्ड गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

३. परिभाषा:

- **खेल** भन्नाले नेपाल खेलकुद परिषद्मा सूचिबद्ध भएका खेल सम्झनुपर्दछ।
- **खेलाडी** भन्नाले रामप्रसादराई गाउँपालिकाको स्थायी बासिन्दा भएको विभिन्न खेल खेल्ने महिला वा पुरुष खेलाडीलाई सम्झनुपर्दछ।
- **गाउँपालिका** भन्नाले रामप्रसादराई गाउँपालिका संझनुपर्दछ।
- **सहायता** भन्नाले यस गाउँपालिकाको प्रतिनिधित्व गरी यस गाउँपालिकाभन्दा बाहिर हुने विभिन्न खेलमा सहभागी हुन गएबापत गाउँपालिकाले दिने यातायाता, खाना, खाजा खर्च वा अन्य प्रकारको सहायता सम्झनुपर्दछ।
- **समिति** भन्नाले यस गाउँपालिकाको खेलकुद विकास समितिलाई बुझाउँछ।

४. सूची दर्ता गराउनुपर्नेः गाउँपालिकाबाट सहायता रकम पाउन चाहने खेलाडीहरुले समितिमा अग्रिम रुपमा नाम दर्ता गराउनुपर्नेछ। नाम दर्ता गराउँदा तपसील बमोजिम विवरण भएको कागजात समेत पेश गर्नुपर्नेछ।

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। नागरिकताको प्रमाणपत्र बनाउने उमेर नभएका खेलाडीको हकमा सम्बन्धित विद्यालयले दिएको परिचयपत्रको प्रतिलिपी।
- यसै गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गरेको सम्बन्धमा सम्बन्धित वडाको सिफारिसपत्र
- खेल्न चाहेको खेल
- सहभागी हुन चाहेको खेलमा साविकमा कुनै महत्त्वपूर्ण उपलब्धी (प्रमाणपत्र, सम्मानपत्र आदि) हाँसिल गरेको

छ भने उक्त कुरा खुल्ने प्रमाणित कागजात।

५. गाउँपालिकाले खेलाडीको समूह बनाउन सक्नेः

एउटै खेलमा खेलाडीहरुको सूची लामो भएमा समितिले अनुभवी र सिपालु खेलाडीलाई समेटी सिनियर टिम र बाँकी खेलाडीको हकमा जुनियर टिम वा बैकल्पिक खेलाडीको सूची बनाउन सक्नेछ।

गाउँपालिकाले गाउँपालिकाभित्रकै खेलाडीहरुबीच बेलाबेलामा प्रतियोगिताहरु सञ्चालन गरी त्यस्ता प्रतियोगिताहरुबाट क्षमतावान र अनुशासित खेलाडीहरु चयन गरी मुख्य खेलाडी वा खेलाडीको समूह गठन गर्न सक्नेछ।

६. खेल्न जाँदा अनुमति लिनुपर्नेः खेलाडीहरुले खेल खेल्न जाँदा तपसील बमोजिम कागजात संलग्न गरी खेल्न जाने अनुमतिको लागि निवेदन दिनुपर्नेछ।

- आयोजकले जारी गरेको आधिकारिक सूचना
- सामूहिक खेलको हकमा समूहका सदस्यहरुको नामावलि
- अनुसूची १ बमोजिमको प्रतिवद्धतापत्र

७. गाउँपालिकाले अनुमति दिनेः (१) दफा ६ बमोजिम पेश भएको निवेदनका सन्दर्भमा आवश्यक अध्ययन गरी समितिले खेल्न जानको लागि अनुमति दिन सक्नेछ। साथमा खेलाडी छनौट गरी पठाएको सन्दर्भमा गाउँपालिकाले आयोजकलाई खेलाडीको नामावलीसहित सिफारिस पत्रसमेत दिनेछ।

(२) दफा ७ को उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक सहयोगमा एक आर्थिक वर्षमा एक किसिमको खेलको लागि तीन पटक भन्दा बढी पटक खेल्ने प्रयोजनार्थ जानको लागि अनुमति दिईनेछैन।

८. **सहायता रकम माग गर्नुपर्ने**ः खेलाडीहरु खेल खेलेर आएपछि तपसील बमोजिम कागजात संलग्न गरी सहायता रकम माग गर्नुपर्नेछ।

- खेलाडीको नाम वा समूह दर्ता गरेको प्रमाणित कागजात
- आयोजकले तयार गरेको प्रमाणित टाइसिट
- खेल आयोजना भएको स्थल र खेल खेलेको मिति उल्लेख भएको प्रमाण
- खेलाडीले प्राप्त गरेको प्रमाणपत्रको फोटोकपी
- आयोजकले दिएका अन्य प्रमाणित कागजात
- खेलमा सहभागी हुँदा विभिन्न अवस्थाका तस्बिरहरु

९. सहायता रकम दिनेः (१) गाउँपालिकाको अनुमति लिएर खेल्न गएका खेलाडीहरुलाई तपसिल बमोजिम सहायता रकम उपलब्ध गराइनेछ।

**यातायात खर्चः** गाउँपालिकाबाट खेल आयोजना स्थलसम्म जाँदा र आउँदा तोकिएको सरकारी दरबमोजिम प्रत्येक व्यक्तिलाई काटिएको यात्रुबाहक सवारी साधनको टिकटमा भएको रकम बमोजिम

**खाना खर्चः** गाउँपालिकाबाट खेल आयोजना स्थलतर्फ प्रस्थान गरेदेखि खेल बिल भरपाइका आधारमा प्रतिव्यक्ति दैनिक बढीमा रु.६००।- का दरले। खाजा खर्चः गाउँपालिकाबाट खेल आयोजना स्थलतर्फ प्रस्थान गरेदेखि खेल खेली फर्केको दिनसम्म बिल भरपाइका आधारमा प्रतिव्यक्ति दैनिक बढीमा रु.३००।- का दरले।

(२) दफा ९ को उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटकमा खेलाडिहरुले खेल खेल्न गएवापत यस कार्यालयमा जतिसुकै बढी रकमको बिलभरपाई पेश गरेको भएतापनि कार्यालयको तर्फबाट जिल्ला भित्रको अन्य पालिकामा जाँदा ३०,०००।– र जिल्ला भन्दा बाहिर अन्य ठाउँमा खेल्न जाँदा ५०,०००।– को सिमा ननाघने गरी भुक्तानी गर्नेछ।

१०. पुरस्कारको रकम बाँडफाँडः हरेक आर्थिक वर्षमा खेलाडीले जितेको पुरस्कार रकम र अन्य पदकको विषयमा खेलाडीहरु र गाउँपालिकाबीच तपसील बमोजिम बाँडफाँड हुनेछ। गाउँपालिकाको हिस्सामा पर्ने रकम खेलाडीहरुले गाउँपालिकाको आन्तरिक आम्दानी खातामा पुरस्कार प्राप्त गरेको ७ दिनभित्र बुझाई सोको सक्कल भौचर पेश गर्नुपर्नेछ। पुरस्कारको रुपमा नगद बाहेक अन्य जिन्सी सामाग्री प्राप्त भए गाउँपालिकामा दाखिला गरेपछि सम्बन्धित खेलाडीलाई नै उपलब्ध गराइनेछ।

| विवरण | जितेको पटक | खेलाडी (हरु) | गाउँपालिका | कैफियत |
|---|---|---|---|---|
| पुरस्कार | प्रथम पटक | ८०% | २०% | खेलाडीले प्राप्त गरेको मेडल / पदक खेलाडीकै हुन्छ भने ट्रफी/सिल्ड गाउँकार्यपालिका कार्यालयमा बुझाउनुपर्नेछ। |
| | दोश्रो पटक | ८५% | १५% | |
| | तेश्रो वा तेश्रोभन्दा बढी पटक | ९०% | १०% | |

११. **वडा कार्यालयले संझौता गर्नुपर्नेः** वडा कार्यालयको बजेट सिलिङबाट विनियोजित बजेटबाट आफ्ना वडाभित्र खेलकुदको कार्यक्रम आयोजना गर्दा वा खेलाडीको लागि सहायता रकम वा सामाग्री प्रदान गर्दा वडाले शुरुमा गाउँकार्यपालिका कार्यालयसँग संझौता गर्नुपर्नेछ। गाउँपालिका बाहिर हुने खेल खेल्न वडा कार्यालयले नै खेलाडीलाई पठाउँदा यसै मापदण्डको आधारमा शर्तहरु पूरा गरेपछि यसै मापदण्ड बमोजिम रकम उपलब्ध गराइनेछ। एउटै समय र एउटै आयोजकले आयोजना गरेको खेल खेल्न सहायता रकम दिंदा वडाको बजेट सिलिङ वा गाउँपालिकामध्ये एक निकायबाट मात्र भुक्तानी दिइनेछ।

१२.**गाउँपालिकाले उपलब्ध गराउन सक्नेः** गाउँपालिकाको तर्फबाट खेल्ने खेलाडीलाई आवस्यक पर्ने जर्सी वा अन्य खेल सामाग्री गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ । तर खेल सकिएको **बढीमा** ७ दिनभित्र उक्त खेल सामाग्रीहरु गाउँकार्यपालिका कार्यालयमा बुझाउनुपर्नेछ । नबुझाएमा उक्त सामाग्री खरिद मूल्यबापतको रकम, सम्बन्धित सामान बुझिलिने खेलाडीले यस गाउँपालिकामा तिर्नुपर्नेछ ।

१३. **सजायः** खेलाडीहरुले निम्न अनुसारको व्यवहार प्रदर्शन गरे गाउँपालिकाले आगामी दिनमा गाउँपालिकाको तर्फबाट कुनै पनि खेलमा सहभागी हुन नपाउने गरी सूचीबाट नाम हटाउन सक्नेछ वा गाउँपालिकाबाट प्रदान गरिने सेवा सुबिधाबापतको रकम वा अन्य अभ्यास सामाग्री दिनबाट बन्चित गरिनेछ ।

- खेल खेल्न जाने ठाउँमा मादक पदार्थ सेवन गरी या नगरी प्रतिस्पर्धी खेलाडी, आयोजक वा अन्य दर्शकप्रति अस्लिल वा अनुशासनहिन व्यवहार प्रदर्शन गरेमा ।
- खेल पदाधिकारी, जनप्रतिनिधी वा कर्मचारीमाथि गालि गलौज, धम्किपूर्ण भाषा र शारीरिक आक्रमणको प्रयास गरेमा ।
- आफ्नै टिम भित्र मिलिजुली व्यवहार नगरेको वा झगडालु व्यवहार प्रदर्शन गरेको सम्बन्धमा समूहका साथीहरुले पटक पटक गुनासो गरेमा ।
- प्रतियोगितामा जितेको पुरस्कार रकमको गाउँपालिकाले पाउनुपर्ने अंश गाउँपालिकामा दाखिला नगरेमा ।
- गाउँपालिकाबाट लगेको खेल सामाग्री तोकिएको समयमा नबुझाएमा वा सामाग्रीबापतको रकम तोकिएको समयमा नबुझाएमा ।

१४. **खेलमा सहभागिता सकिएपछि तुरुन्त फर्किनुपर्नेः** एक भन्दा बढी दिनको लागि आयोजना भएको खेलमा चरणबद्ध रुपमा खेल्दै जाँदा जुन चरणमा खेलको सहभागिता सकिन्छ, खेलाडीहरु तुरुन्त घर फर्किहाल्नुपर्नेछ । (उदाहरणको लागि ५ दिन अवधिको प्रतियोगिता छ र हाम्रो गाउँपालिकाको प्रतिनिधित्व गर्ने खेलाडी वा खेलाडीको समूह पहिलो दिनको खेलमा नै पराजित भयो भने आगामी दिनमा गाउँपालिकाले थप दायित्व व्यहोर्ने गरी खेल आयोजना स्थलमा बस्न पाइने छैन ।)

१५. **वैकल्पिक खेलाडीको व्यवस्थाः** ६ जनासम्मको समूहको खेलमा बढीमा ३ जना र ११ जनासम्मको समूहको खेलमा बढीमा ४ जना खेलाडीलाई वैकल्पिक खेलाडीको रुपमा समूहमा आवद्ध गर्न पाइनेछ ।

१६. **सहयोग रकम उपलब्ध नगराइनेः** गाउँपालिकाभित्र हुने खेलकुद कार्यक्रमको लागि गाउँकार्यपालिकाको कार्यालयको तर्फबाट सहयोग रकम उपलब्ध गराइने छैन । त्यस्तो खेल प्रतियोगितामा वडा कार्यालयले वडाको बजेट सिलिङबाट विनियोजन भएको खेलकुदको बजेट शीर्षकबाट सहयोग गर्न चाहेमा अग्रिम रुपमा गाउँकार्यपालिकामा संझौता गर्नुपर्नेछ । अग्रिम रुपमा संझौता नगरी तोकिएको मापदण्ड नपुर्याई भुक्तानी माग्न आएमा त्यस्तो रकम उपलब्ध गराउन गाउँकार्यपालिका कार्यालय बाध्य हुने छैन ।

१७. नगद पुरस्कार र सम्मानः गाउँपालिकाको तर्फबाट विभिन्न खेलकुद प्रतियोगिताहरुमा भाग लिई अनुशासित व्यवहार प्रदर्शन गर्दै पटक पटक पुरस्कार र सम्मान प्राप्त गर्ने खेलाडीहरुलाई गाउँपालिकाले वार्षिक रुपमा नगद

पुरस्कार सहित सम्मान गर्नेछ।

१८. व्यवस्थापकको व्यवस्थाः खेल खेल्न जाने खेलाडी वा खेलाडीको समूहलाई सहजता प्रदान गर्न गाउँपालिकाले एक जना कर्मचारीलाई व्यवस्थापकको रुपमा खटाउन सक्नेछ।

१९. बैठक भत्ताः समितिका पदाधिकारी र आमन्त्रित सदस्यहरुलाई नियमबमोजिम एक महिनामा बढीमा एउटा बैठकको भत्ता उपलब्ध गराइनेछ।

# अनुसूची १

(मापदण्डको दफा ६ सँग सम्बन्धित)

गाउँपालिका बाहिर आयोजना हुने खेलकुद कार्यक्रममा सहभागी हुन जाने खेलाडीहरुले

गाउँपालिकासमक्ष गरेको प्रतिवद्धतापत्र

यस गाउँपालिकामा स्थायी बसोबास गर्ने र ............. खेल्ने म ............. वा हामी तपसील बमोजिम नाम भएका खेलाडीहरु.........जिल्ला..........नगर/गाउँपालिकामा आगामी.............देखि_.........सम्म सञ्चालन हुन लागिरहेको कार्यक्रम/प्रतियोगितामा भाग लिन इच्छुक भएकोले उक्त कार्यक्रम/प्रतियोगितामा भाग लिन अनुमति पाएमा यस गाउँपालिकाको रामप्रसादराई गाउँपालिकाका खेलाडीहरुलाई गाउँपालिकाको तर्फबाट गाउँपालिका बाहिर विभिन्न खेल खेल्न जाँदा दिइने सहायता खर्च रकमको मापदण्ड बमोजिमका शर्तहरु पूरा गरी खेल खेलेर फर्किने प्रतिबद्धता गर्दछु / गर्दछौ ।

तपसिल:

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

**प्रतिवद्धता** व्यक्त गर्नेको

नामः

हस्ताक्षरः